☎ फोन नं.: 9855048897,9855048899
Email : pmamp.piu.bara@gmail.com
वेभसाइट : piubara.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

कार्यक्रम कार्यान्वयन एकाई, बारा
(कार्यक्षेत्र : बारा र पर्सा)

सूचना प्रकाशित मिति : २०८२/०८/०२

## मासु निर्यात अभिबृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना !

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, बाराको चालु आ.व. २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमको मासु निर्यात अभिबृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम संचालन गर्नु पर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **"मासु निर्यात अभिबृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८२"** बमोजिम योग्यता पुगेका इच्छुक समूह/सहकारी/फर्म/कम्पनीहरुले तपशिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात (मिति २०८२/०८/२२ गते भित्र) यस कार्यालयमा अनुसूचि – २ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि – ३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| मासु निर्यात अभिबृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम | समूह, सहकारी, फर्म र कम्पनी | जिल्लाभरी बारा र पर्सा | मासु निर्यात अभिबृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८२ को दफा ३ मा उल्लेख भए बमोजिम | कूल लागतको बढीमा पचास प्रतिशत अनुदान रकम अनुदान उपलब्ध गराईनेछ । |

**निवेदन साथ संलग्न कागजातहरु**

१. कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव ।
२. कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धि कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तिमा ५ वर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि) ।
३. उद्यम वा ब्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोबार सम्बन्धी अन्य कागजातहरु ।
४. स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि ।

**नोटः** विस्तृत जानकारीको लागि कार्यक्रम कार्यान्वयन एकाइ, कलैया, बाराको वेभसाईड, **www.piubara.pmamp.gov.np,** सूचना पाटी तथा न.पा./गा.पा. को सूचना पाटीमा हेर्नु होला तथा मोबाईल नं. ९८०७१०९९०३, मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

.............................
बरिष्ठ कृषि अधिकृत
राम बलम प्रसाद साह
बरिष्ठ कृषि अधिकृत